संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - २४

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : १:१८ बजे*

२०७९ असार ७, मङ्गलबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **चौबिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सो दिनको बैठकको कार्यबाही सुरू भएको जानकारी गराउनुहुँदा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले उठेर विरोध जनाए पश्चात माननीय खिमलाल भट्टराईलाई आफ्नो भनाइ राख्न समय प्रदान गर्नुभएपछि माननीय खिमलाल भट्टराईले पेट्रोलियम पदार्थ लगायतका वस्तुहरूको मूल्य वृद्धिको सम्बन्धमा मन्त्रीले जवाफ नदिए सम्म सदन चल्न नदिने भनी सभा अवरोध गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले देहायबमोजिम रूलिङ गर्नुभयो :

**"राष्ट्रिय सभाको बैठकमा मूल्यवृद्धि जस्तो गम्भिर जनसरोकारको विषय उठी रहेको छ । आज पनि यहाँहरूले उठाउनु भएको छ । सदनमा उठेका विषयमा संसद मार्फत जनतालाई जवाफ दिनु सरकारको आफ्नो दायित्व पनि हो र यस तर्फ म सरकारको गम्भिर ध्यानाकर्षण गराउँछु साथै सम्बन्धित मन्त्रीलाई राष्ट्रिय सभाको अर्को बैठकमा जवाफ दिन म निर्देशन पनि गर्दछु । माननीय सदस्यहरू यहाँहरूले उठाएका विषयका सम्बन्धमा सरकारको तर्फबाट जवाफ दिने, जिम्मेवार बन्ने कुराहरूको लागि मैले निर्देशन गरेको छु । अब यहाँहरू बसेर नियमित अरू कार्यसूचीमा हामी अगाडी बढौं अर्को बैठकमा सरकारको मन्त्री आएर जवाफ दिनुहुनेछ त्यो विश्वास म यहाँहरूलाई दिलाउन चाहान्छु ।यहाँहरू बसेर आगामी कार्यसूचीलाई अगाडी बढाऔं ।"**

त्यसपछि प्रमुख प्रतिपक्षी दलको माननीय सदस्य खिमलाल भट्टराईले सरकारको तर्फबाट जवाफ नआएसम्म बैठक चल्न नदिने अडान लिनुभएपछि सम्माननीय अध्यक्षले त्यस दिनको कर्यसूचीका सम्पूर्ण विषयहरू अर्को बैठकमा प्रस्तुत गर्ने गरी कार्यसूची हटाइएको जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार ८ गते बुधबार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव